# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## किस्पाङ गाउँपालिका
## नुवाकोट

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## किस्पाङ गाउँपालिका

## नुवाकोट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## किस्पाङ गाउँपालिका

## नुवाकोट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
बागमती प्रदेश

मितिः२०८१।२।११

प.सं. २०८०।८१

च.नं. १५३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

किस्पाङ गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

नुवाकोट ।

१. **कैफियत सहितको राय —** हामीले किस्पाङ गाँउपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू ४ करोड ८५ लाख १६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु २ करोड ७५ लाख ८२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू २८ लाख ९६ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू. २० लाख २१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ५४ लाख १६ हजार र पेश्की बाँकी रु. ६ लाख समेत रु २ करोड ९ लाख ३४ हजार रहेको छ । किस्पाङ गाँउपालिकाको गतवर्ष सम्म रु. ७ करोड ६० लाख ६१ हजार बेरुजू बाँकी रहेकोमा

हालसम्मको अद्यावधिक बेरुजू रु. ९ करोड ६९ लाख ९५ हजार रहेको छ । किस्पाङ गाँउपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी किस्पाङ गाँउपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(शंकरप्रसाद पन्थी)

**नायब महालेखापरीक्षक**

किस्पाङ गाँउपालिका,

नुवाकोट जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६० | ९१ | ४८५१६ | | ३५ | २७५८२ | ६० | ५६ | २०९३४ | २८९६ | १५४१६ | २०२१ | | | १७४३८ | ६०० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नुवाकोट | ७६०६१ | ० | ० | ७६०६१ | ० | २०९३४ | ९६९९५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्ष) | ५३ | अनुदान फिर्ता | २६७८३०१९.५१ |
| | | ५७ | भ्रमण भत्ताअटलप्रकाश पुरी | ८५०० |
| | | ६७ | कर विजक | ५०५०४१ |
| | | ७२ | विल भरपाइ | ८७७१३ |
| | | ७३ | कर विजक सच्याएको प्रमाणित नभएको | ६३३४९ |
| | | ७८ | बैठक भत्ता सुमन देवकोटा र गायत्री रिमाल | १७०० |
| | | ८० | अनुगमन तथा सञ्चार समन्वय भत्ता अर्जुन प्रसाद न्यौपाने सुमन देवकोटा पशुपति घले बद्री प्रसाद देवकोटा सुरेन्द्र वहादुर तामाङ विनोद तामाङ प्रकाश तामाङ सन्दिप घले मोतिमाया तामाङ | ९६५० |
| | | ८२ | अनुगमन भत्ता अर्जुन प्रसाद न्यौपाने सुमन देवकोटा चन्द्र वहादुर तामाङ चक्र वहादुर शाही विरवल तामाङ | २९७५० |
| | | ९० | बढी दरमा बैठक भत्ताविरवल तामाङ, चक्र बहादुर शाही, गणेशलाल बि क, सुमन देवकोटा, चन्द्र बहादुर तामाङ, मिन बहादुर तामाङ | २३००० |
| | | ९१ | बैठक भत्तासविना अर्याल, मोतिमाया तामाङ, सत्यराज जोशी, चन्द्र वहादुर तामाङ, मधु न्यौपाने, अटल प्रकाश पुरी, सुमन देवकोटा | ७०५५० |
| | चालु वर्षको जम्मा | | | २७५८२२७२.५१ |
| | गत विगत वर्षतर्फको | | | |
| | गत विगतको जम्मा | | | ० |
| | कुल जम्मा | | | २७५८२२७२.५१ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

**(क) कार्यालय परिचय :-** स्थानीय तहमा उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्द सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाईं प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१३ देखि २०८०।५।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय व्ययको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## वित्तीय बिबरणको परीक्षण

१.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा १.१ सँग सम्बन्धित अनुसूची ३ मा संलग्न छ ।)**

१.२ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७९०५०२०५ र सडक वोर्डको रु.१५,००,०००। समेत गरी खर्च रु ८,०५,५०,२०५ र कोषतर्फ गतको जिम्मेवारी सारेको रु ९०,३१,६५९। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१.३ पालिकाले तयार गरेको एकिकृत आय व्यय विवरण अनुसार आयतर्फ विविध आम्दानि रु.२३३५१ जनाएकोमा सो रकम कसरी प्राप्त भएको हो विवरण पेश गरेको छैन । पालिकामा प्राप्त आम्दानी तथा खर्चको यथार्थ विवरण तयार हुनुपर्दछ ।

१.४ **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. १,२१,१५,१९१।४८ , यस वर्षको प्राप्ति रु. ७६५४९०१६।४६ यस वर्षको भुक्तानी रु. -१०९२७७८३९ र बैङ्क मौज्दात रु. २,७३,६६,७९८ फरक परेको छ । सुत्रमा पालिकाको

सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ३७५३९६१५ | | १ | चालु खर्च | २१६०७३५७९ | |
| | क) धरौटी अ ल्या | ७०२२९१८ | | २ | पूँजीगत खर्च | १८३७३२६६० | |
| | ख) बैक | ३०५१६६९७ | | | | | |
| 2 | ग) धरौटी आम्दानी | ५०९२२७४ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| 3 | राजस्व ( आन्तरिक आय) | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ४९१४९०४ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ७०४४५५३९ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | लगानी | | |
| 4 | वित्तिय हस्तान्तरण संघ | | | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ७५११०००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १६२३९२७४३ | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ४००००० | | ५ | धरौटी फिर्ता | ५८०४९८५ | |
| | घ) विशेष अनुदान | १०००००००० | | ६ | जनश्रमदान फिर्ता | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 5 | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ७ | कोष फिर्ता | | |
| | क) वित्तिय समानीकरण अनुदान | ६३२९००० | | ८ | मौज्दात | | |
| | ख) सशर्त अनुदान | २४५४४००० | | | क) धरौटी मौज्दात | ६३१०२०७ | |
| | ग) समपुरक अनुदान | २८९८७००० | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | १९००००० | | ९ | शसर्त अनुदान फिर्ता | २८१९२४४६ | |
| 6 | अन्तर स्थानीय तहबाट प्राप्त | | | १० | गत बर्षको बढी अल्या | | |
| 7 | अन्य | | | ११ | सडक बोर्ड | १५००००० | |
| | क) पि एल जी यस पी | | | १२ | धरौट मौज्दात | | |
| | ख) सडक बोर्ड नेपाल | १५००००० | | १३ | कोष खाताको मौज्दात | ९०३१६५९ | |
| 8 | विभिन्न कोषतर्फको आय | | | | | | |
| | क) कर्मचारी कल्याणकोष | | | | | | |
| | ख) प्रकोप व्यवस्थापन कोष | | | | | | |
| | नसाटीएको चेक रकम | २४६४०० | | | | | |
| | पेश्कि फिर्ता चालु खातामा | २०७१० | | | | | |
| | सामाजिक सुरक्षा | ७९०५०२०५ | | | सामाजिक सुरक्षा | ७९०५०२०५ | |
| | विविध | २३३५१ | | | | | |
| | जम्मा | ५२९६९५७४१ | | | जम्मा | ५२९६९५७४१ | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ३,७५,३९,६१५.५२ | ४१,०२,४५,०८४.५४ | ४०,५०,७६,०३५.९० | ४,२७,०८,६६४.१६ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४९६५४८०७ | ४८६७९४१०१ | ५१४३५३८७५ | १५३४१८६६ |
| फरक | १२११५१९१।४८ | ७६५४९०१६।४६ | -१०९२७७८३९ | २७३६६७९८ |

१.५ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु ८,८२,४२,४१०.९९ मौज्दात रहेकोमा यो वर्ष रु३,७५,३९,६१५.५२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५०७०२७८५.४७ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ ।

१.६ पालिकाको वित्तिय विवरण म ले प फा नं २७२ तथा अनुसुचि २४ अनुसार श्रेस्ता तथा खातामा बाँकि रु ४२७०८६६४।१६ र बैंक अनुसार बाँकि रु ४३५३४२१० देखिन्छ । यसरी बैंकमा बढी देखिई फरक परेको रकम रु ८२५५४५ हिसावमिलान गर्नुपर्दछ ।

१.७ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले पेश गरेको विवरणअनुसार बैङ्क

हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता भन्दा बैङ्क मौज्दात रु २९०३५८.२० बढी देखिएकोले हिसाव मिलान गर्नुपर्दछ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८० असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८० असार मसान्तको बाँकी |
|---|---|---|---|
| 1 | सञ्चित कोष | १८००३८८५ | १८००३८८४ |
| 2 | चालु खाता | ६३८७४२० | ६४६५७८० |
| 3 | पूँजीगत खाता | १२५४२३४० | १२७५४३३९ |
| 4 | मर्मत खाता | | |
| 5 | कल्याण कोष तथा विविध कोष खाता | | |
| 6 | प्रकोप व्यवस्थापन कोष खाता | | |
| 7 | विविध खर्च खाता | १६४४९९७ | १६४४९९७ |
| 8 | नगर सरसफाई कोष खाता | | |
| 9 | धरौटी खाता | ६३१०२०७ | ६३१०२०७ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

## २ सञ्चित कोषमा जम्मा (ट्रान्सफर)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ६४६५७८० पुँजीगत खातामा रु. १२७५४३३९ विविध

खातामा रु १६४४९९६.५० र धरौटि खातामा रु ६३१०२०७ समेत रु.२७१७५३२२५ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी बाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन । कन्टेन्जेन्सी रकम मध्ये दैनिक भ्रमण भत्ता र गाडी भाडामा अत्याधिक खर्च गर्ने गरेको छ । दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन ।

• तलवी प्रतिवेदन पारित नगरेको

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको

• जिन्सि निरिक्षण नभएको

• लेखा समिति गठन नभएको

• भ्रमण भत्ता भुक्तानी भएकोमा पालिकाले दैनिक भ्रमण अभिलेख खाता अद्यावधिक नगरेको
• कारोवारको भुक्तानी सिफारिस पत्र संलग्न नगरेको
• उपभोक्ता समितिको काममा लागत अनुमान, नापि किताव तथा कार्यसम्पन्न प्रतिवेदन एकैसाथ संलग्न नगरेको
उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी आन्तरिक नियन्त्रण प्रणाली कायम गर्ने र सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

## ४ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ५ बजेट पेश पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु. ५११३७८००० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।५।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ६ स्थानीय तथ्यांक अभिलेख तथा स्रोत नक्सांकन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत

नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## ७ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ८ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ९ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ निम्नानुसारका मालपोत, कर, सेवा शुल्क, सिफारिस र अन्य दस्तुर वापत

अनुमानित रु ३७ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.४९ लाख अर्थात अनुमान भन्दा ३२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| आय शीर्षक | अनुमान | असुली |
|---|---|---|
| भूमिकर मालपोत कर | १०००००० | २९८५८९ |
| सम्पति कर | १००००० | ३००० |
| घर बहाल कर | ५५०००० | १०६७०० |
| परिक्षा शुल्क | ५०००० | ५७२२० |
| नक्सा पास दस्तुर | ५००००० | ६९०५१ |
| सिफारिस दस्तुर | ५००००० | १२७९८८८ |
| अन्य दस्तुर | ५००००० | २९९८२०६ |
| ब्यवसायिक रजिस्ट्रेशन दस्तुर | ५००००० | १०२२५० |

## १० आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २५१५०२७४३ | ४९१४९०४ | १.९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ११ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु १०२०००।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## १२ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | १०, ०० , ०००.०० | ३,०००.०० | ०.०३ |
| ११३१४ भुमिकर/मालपोत | १०, ०० , ०००.०० | २, ९८ , ५८९.०० | ०.३ |
| घरजग्गा रजिष्टेशन दस्तुर | १०, ०० , ०००.०० | ७, ३८ , ९२५.०० | ०.७ |
| ११३२१ वहाल कर | ५, ५० , ०००.०० | १, ०६ , ७००.०० | २.१ |
| ११३२२ वहाल विटौरी कर | ५०,०००.०० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

## १३ राजश्व अभिलेख

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणालीमा व्यवस्थापन गर्न सूचना प्रविधि प्रणालीको प्रयोग गर्ने तर्फ विशेष ध्यान पुरयाउनुपर्ने देखियो ।

## १४ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल २२० योजनामा वजेट विनियोजन गरेको छ ।

| योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०सम्मका योजना | रु.५लाखभन्दा कमका योजना |
|---|---|---|---|
| २२० | ११ | ४५ | १६४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा

निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १५ वर्षान्तमा रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार पालिकाले सभावाट स्वीकृत बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकीएको कार्यक्रम सञ्चालन गर्नु पर्नेमा २०७९ आषाढमा आर्थिक वर्ष ०७९।८० को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी यस वर्ष विभिन्न शिर्षकका ३६ योजनाको रु २ करोड ४० लाख ४० हजार रकमान्तर गरी विभिन्न ५७ योजनामा खर्च गरेको छ । यसरी स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नगर्न शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियम सम्मत भएको देखिएन ।

## १६ लक्ष्य प्रगति

पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । पेश भएको समग्र विवरण अनुसार चालु तथा पूजितर्फ ५९१ योजनामा रु.३९९८०६००० बजेट खर्च गरी जम्मा ७८ प्रतिशत मात्र खर्च भएको उल्लेख गरेको छ । खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाइ जिम्मेवार बनाउनु पर्दछ ।

## १७ वार्षिक खरिद योजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरीद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८ करोड ३७ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## १८ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु ४९१४९०४ राजस्व बाँडफाँड र अनुदान लगायतबाट रु ४४५१७२०९२ समेत रु ४५००८६९९६।०० आम्दानी भएकोमा चालु तर्फ रु २१६०७३५७९ र पूँजिगत तर्फ रु १८३७३२६६० र वित्तीय ब्यबस्था तर्फ रु ५०३०४१०८ समेत रु.४५०११०३४७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ५२३२००० खर्च भएको छ जुन आन्तरिक आयको ९४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४८ प्रतिशत चालु र ४० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १९ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३८४१०००० | २२८१८७५३ | ५९ |
| २ | पूर्वाधार विकास | २०३४२६००० | १५६७०१७४५ | ७७ |
| ३ | सामाजिक विकास | १८१३०७००० | १५९०४४१८२ | ८८ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २४७६५००० | १३८७७८९५ | ५६ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६३४७०००० | ४७३६३६६४ | ७५ |

पेश भएको विवरण अनुसार विभिन्न क्षेत्रमा यथार्थ खर्च उल्लेख नगरी अन्य क्षेत्रगत खर्च समेत समावेश गरी विवरण तयार गरेको छ । खर्च मध्ये सभाले विनियोजन गरेको बजेटको ५६ देखि ८७ प्रतिशत रहेको जनाएको छ ।

## २० पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पूँजिगत खर्च | १८३७३२६६० | ११३४७९८२ | २०९५६४१६ | १५१४२८२६२ | ७५८२६००० |
| प्रतिशत | १०० | ६ | १२ | ८२ | ४१.२७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक निकासामध्ये प्रथम चौमासिकमा रु. ११३४७९८२ (६ प्रतिशत), दोस्रो चौमासिकमा रु. २०९५६४१६ (१२प्रतिशत) र तेस्रो चौमासिकमा रु. १५१४२८२६२ (८२प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७५८२६००० (४१प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## २१ पदाधिकारी सुविधा

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बाग्मति प्रदेश सरकारले स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐनको प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामा रु ५२ लाख ३२ हजार खर्च लेखेको देखिन्छ।

| | विवरण | प्रमुख/ | उपप्रमुख/ | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|

| सि. नं | | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष 5 जना | कार्यपालिका सदस्य 6 | सभाका सदस्य 14 | |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ४२००० | ४२००० | १८०००० | ७२००० | ५०४००० | ८४०००० |
| २ | यातायात खर्च | ० | १२०००० | २४०००० | १८०००० | ३३६००० | ८७६००० |
| ३ | टेलिफोन,मोबाइल | ३६००० | ३६००० | १२०००० | १०८००० | १६८००० | ४६८००० |
| ४ | पुस्तक,पत्रीका, | २४००० | २४००० | ६०००० | ७२००० | १६८००० | ३४८००० |
| | ईन्टरनेट | | | | | | |
| ५ | समन्वय तथा सहजीकरण | १२०००० | १२०००० | ४२०००० | १४४००० | ० | ८०४००० |
| ६ | अतिथि सत्कार | १०८०००० | ६०००० | २४०००० | १४४००० | २५२००० | ८०४००० |
| ७ | खानेपानी/बिजुली/ | ३०००० | ३०००० | ६०००० | ३६००० | ८४००० | २४०००० |
| | सरसफाई | | | | | | |
| ८ | खाजा खर्च | ६०००० | ६०००० | १८०००० | १०८००० | २५२००० | ६६०००० |
| ९ | सरसफाइ | ३०००० | ३०००० | ६०००० | ७२००० | ० | १९२००० |
| | जम्मा | ४५००००० | ५२२०००० | १५६०००० | ९३६००० | १७६४००० | ५२३२०००० |

## २२ पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च

पूँजी सिर्जना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीयतहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुनेगरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय

तहले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट आर्थिक सहायता जनाई विभिन्न व्यक्तिहरुलाइ भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

## २३ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो वर्ष थप भएको १३ गरी कुल १३ विवाद दर्ता भएकोमा ११ वटा मात्र फस्यौंट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २४ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ३८ व्यक्तिहरुलाई रु.७४१००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.४९१४९०४ को १५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

## २५ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## २६ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले

कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## २७ बिमा

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पुर्ण जोखिम बहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता मार्फत् गरेका निर्माणका कार्यमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## २८ प्राविधिक बिल र कार्यसम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## २९ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार

गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## ३० पेश्की फछ्र्यौट

आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गणेशलाल वि क को म्याद नाघेको पेश्कि रु.६,००,००० फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

| | |
|---|---|
| पेश्की | ६,००,००० |

## ३१ मौज्दात सामाग्री

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक खरिद योजना तयार गरेर मात्र आवश्यकताका आधारमा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय अनुसारका सामाग्री खरिद गरी जम्मा रु२५२,०८४।- खर्च गरेकोमा खरिद पश्चात सो सामाग्री वितरण नभइ मौज्दातमा नै रहेको पाइयो । मौज्दातमा रहेका देहायका सामानहरु उद्धेश्य अनुरुप प्रयोगमा ल्याउनुपर्दछ ।

| गो भौ नं | सामाग्री | आपूर्तकको नाम | परिमाण | रकम रु |
|---|---|---|---|---|
| ११८।०७९।१०।११ | अफिस ब्याग | बसाहा ईन्टरप्राइजेज | १० वटा | ३३९००।- |
| १६२।०७९।१२।१५ | ब्याडमिन्टन सेट | आदर्श बुक्स एण्ड स्टेसनरी सेन्टर | १२ सेट | १८,४००।- |
| ३३७।०८०।३।१८ | डेल ल्यापटप | मायादेवी ट्रेड कन्सर्न | २ वटा | १३४२४४।- |
| ३३७।०८०।३।१८ | क्यानन प्रिन्टर | मायादेवी ट्रेड कन्सर्न | २ वटा | ६५५४०।- |

| जम्मा रु | २५२, ०८४।<br>- |
|---|---|

पालिकाले वर्षको अन्त्यमा सामाग्री खरिद गरी वितरण नगरी स्टोरमा मौज्दात राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । साथै पालिकाले आवश्यकताका आधारमा मात्र खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ३२ निशुल्क पाठ्यपुस्तक अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा निशुल्क पाठ्यपुस्तकका लागि अनुदानबाट विद्यालयले समयमा नयाँ पाठ्यपुस्तक खरिद नगरेमा, पुराना पाठ्यपुस्तक प्रयोग गरी अनुदान रकम अन्य शीर्षकमा खर्च गरेमा, स्वीकृत बाहेकका पाठ्यसामाग्री खरिद गरेमा, अनुमति प्राप्त नगरेको संस्थाबाट छपाइ भएको पाठ्यपुस्तक खरिद गरी प्रयोग गरेमा कानून बमोजिम कारबाही हुने व्यवस्था रहेको छ ।

पालिकाले निशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रम अन्तर्गत यस पालिकाका २३ विद्यालयलाइ पाठ्यक्रम विकास केन्द्रले सामुदायिक विद्यालयका लागि तोकेका पुस्तकका लागि कुल रकम रु १६,५०,७५२।— निकासा गरेको छ। किस्पाङ गाउँपालिका गाउँशिक्षा समितिको २०८०।०१।०५ मा पेश भएको प्रतिवेदन बमोजिम २०८०।०१।०६ को निर्णयानुसार यस पालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुमा पाठ्यपुस्तकमा एकरुपता कायम गर्नका लागि अंग्रेजी माध्यमका पुस्तकहरु पनि समावेश गरी पुस्तकको सेट प्रतिवेदनमा उल्लेख भए बमोजिम विद्यालयहरुले सो पुस्तक सेट खरिद गरी रु ७२,१३,८३०।— रकम बराबरको खर्चको प्रमाण पेश गरेको पाईयो ।यसरी कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार तोकिएका पुस्तक भन्दा फरक तरिकाले विद्यालयहरुले छुट्टै पुस्तक सेट खरिद गरी खर्च गर्नु नियमसम्मत देखिएन ।

## ३३ सेनेटरी प्याड व्यवस्थापन

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाइ सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ । पालिकाले यस आ व मा १० वटा विद्यालयका ८४९ जना छात्राका लागि १०६०० प्याकेट सेनेटरी प्याड खरिद गरी इस्माइल मेडिसिन सप्लायर्सलाइ रु ७,७५,६३२।-

भुक्तानी गरेको छ । जसमध्ये ३२२४ प्याकेट विद्यालयलाइ वितरण गरी ७३७६ प्याकेट मौज्दातमा रहेको देखिएकोले कार्यक्रमको उद्धेश्य अनुरुप समयमै वितरण हुनुपर्दछ ।

## ३४ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २ देखि ४८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| योजनाको नाम | लागत अनुमान | सम्झौता रकम | घटि प्रतिशत |
|---|---|---|---|
| Construction of Nuchet Khop Kendra | ५९९९७०९ | ५८८५२४१ | २ |
| Upgrading Work of Lebnagang Satdobato Sadak | १८८९३००० | ९८०४०३९ | ४८ |
| Upgrading of Kamidada Chayampakutiri Road | ७९९०२४९ | ४३७०४१६ | ४५ |
| Construction of Dangchime khanepani Yojana | ७४९९४२४ | ६३०३०८९ | १६ |
| Upgrading of Aiselu Chapkhola Road | १९३५७००० | ११७०३४८४ | ४० |
| procurement of BackHoe Loader | ५०००००० | ४४४३००० | ११ |
| Upgrading of Warda No 4 to Gaupalika Road | १९६८५००० | १२४३९०१२ | ३७ |
| Construction of Manegaun water supply project | ९९९९४५३ | ६७०४३५१ | ३३ |

| | | | |
|---|---|---|---|
| Construction of Taji Khop Kendra | ५४९९९१५ | ५२९६८९९ | ४ |

यसरी २ प्रतिशत देखि ४८ प्रतिशत सम्म घटी रकममा सम्झौता गराई कार्य गराउदा कामको दिगोपना र गुणस्तरीयतामा समेत मा ध्यान दिनुपर्ने देखिन्छ ।

## ३५ औषधी खरिद

पालिकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि तोकिएको समायावधि बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले विभिन्न औषधि रु ११ लाख ९ हजार को औषधी खरिद गरेकोमा आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

## ३६ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी विभिन्न सफ्टवेयर खरिद गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

## ३७ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले यस वर्ष १३ वटा कार्यविधि तथा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि

उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## ३८ सामाजिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ। पालिकाले सामाजिक परीक्षण गराएको सम्वन्धमा कुनै विवरण प्राप्त नभएकोले विश्लेषण गर्न सकिएन ।

## ३९ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत लगायतका अन्य पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

## ४० फोहोरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## ४१ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## ४२ शिक्षकको तलवी प्रतिवेदन

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० बुँदा नं २.१ मा स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाइ मार्फत राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित गराइ तलब भत्ता भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले यस आ व मा शिक्षकहरुको तलवी प्रतिवेदन पारित नगरी कुल रकम रु ७,२९,७२,०००।— खर्च लेखेको छ । यसरी पालिकाले तलवी प्रतिवेदन पारित नगरेकाले शिक्षकहरुको तलव भत्ता, ग्रेड रकम यकिन गर्न सकिएन ।

## ४३ स्वास्थ्य तर्फको तलवी प्रतिवेदन

बागमती प्रदेश “स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९” को दफा ६९ को उपदफा ५ मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराइ तलब भुक्तानी गर्नुहुँदैन भन्ने व्यवस्था रहेको छ । यस आ वमा पालिकाले स्वास्थ्यतर्फका ३८ कर्मचारीहरुको तलवी

प्रतिवेदन पारित नगरी रु १,८१,६५,७०६।- खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरेको कारण कर्मचारीहरुलाइ भुक्तानी गरेको ग्रेड रकम यकिन गर्न सकिएन ।

## ४४ प्रति विद्यार्थी लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| तीनै तहका सरकारबाट जम्मा | ११०३२९००० | ९९६४०००० | २८०७ | ३९, ३०५। - |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको बालविकास केन्द्र देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु ३९,३०५।- रहेको देखिन्छ ।

## ४५ शिक्षक दरबन्दी र पदपूर्ति

आ व २०७९।८० मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको व्यहोरा देहाय बमोजिम रहेको छ :

| विद्यालयको संख्या | दरबन्दी | स्थायी पदपूर्ति | दरबन्दी मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| २१ | १०९ | ६४ | ४४ | १ | २८०७ | २५.७५ |

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात १:२५ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै स्थायी पूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

## ४६ सवारीसाधन खरिद

(गो भौ नं १५०।१।१७) स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा

केन्द्रीय सरकारको वित्तीय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले नेपाल सरकारको अनुदानवाट व्याकलोडर खरिद रु ४४४३००० मध्ये नेपाल सरकारको रु २०८८००० र राजस्व बाँडफाँडवाट रु २३५५००० खर्च गरेको छ । संघीय सरकारको निर्देशन पालना हुनु पर्दछ ।

## ४७ हेभी इक्विपमेन्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

## ४८ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## ४९ उपभोक्ता समिति दर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखीदैन । पालिकाले जनाएअनुसार यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएकोमा यसरी

कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्यसम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्यसम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भार मा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

## ५० प्राविधिक बिल सम्बन्धमा

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको कतिपय ठेक्का विलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्यांकनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । यसरि काम गर्ने क्रममा लागत अनुमान भन्दा वास्तविक काममा केहि न केहि मात्रामा कम अथवा बढि हुने नै गर्दछ । तसर्थ लागत अनुमान वरावर नै मूल्यांकन भएको देखिएकोले वास्तविक काम कति भएको हो भन्ने सम्वन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए÷नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले उपभोक्ता समितिको विल वनाउँदा नापजाँच गरी वास्तविक कार्यसम्पादनका आधारमा बनाउनु पर्दछ ।

## ५१ सब कन्ट्रयाक्टर

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राहि समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायि वा सव कन्ट्रयाक्टरवाट गराउन नसकिने व्यवस्था छ । कुनै कारणवश सो समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायले समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । यस पालिकाले विभिन्न सडक तथा योजनाहरुको उपभोक्ता समिति संग सम्झौता गरेकोमा सम्बन्धित उपभोक्ता समितिहरुले संझौता अनुसारको काम आफैले नगरी निम्नानुसारका केहि उदाहरणमा सब कन्ट्रयाक्टरबाट काम गराई निर्माण व्यवसायीले पेश गरेको कर विजकको आधारमा भुक्तानी गरेको छ । यसरी समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसकेको अबस्थामा नियमको उक्त व्यवस्था अनुसार पालिकाले स्वयम ठेक्का मार्फत काम गराउंदा प्रतिष्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समिति मार्फत सबकन्ट्रयाक्टरले पेश गरेको बिलको रकम भुक्तानी दिएको देखिएकोले सोही नियमावलीको नियम

१३ क मा त्यस्तो उपभोक्ता समितिलाई भविश्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने गरी अभिलेख राख्नुपर्नेम सो समेत राखेको पाइएन ।

| गौ भौ नं | योजनाको नाम | कार्यसम्पन्न | सव कन्ट्रयाक्टरलाई भुक्तानी |
|---|---|---|---|
| ३।५।२४ | नाम्चाकुना गोंङ्गा सडक उपभोक्ता समिति | १७२७९११ | १५०२१७६ |
| १९।१२।२७ | ऐसेलु भुमे मावि खेलमैदान निर्माण | ८९६९८२ | ९०८४०७ |
| | जम्मा | | २४१०५८३ |

## ५२ **समपुरक अनुदान** (१५१-२०८०-१-१७):

संघ तथ प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७७ को दफा ६ अनुसार समपुरक अनुदानवाट सञ्चालन हुने योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत समपुरक अनुदान प्रदान गर्ने उल्लेख छ । पालिकाले यो वर्ष संघ तथा प्रदेश सरकारबाट ५०/५० को मिश्रित अनुपातमा कार्यान्वयन हुने गरि खर्च गर्नुपर्नेमा पालिकाको upgrading ward no.4 gaupalika road 0+000 to 0+800 चेनेजसम्मको कामको लागि रु १९६९८००० बजेट विनियोजन भएकोमा पालिकावाट रु १६९१४१७९ को लागत अनुमान तयार गरी काम भएको पाईयो । प्रदेश समपुरक अनुदान अन्तर्गत पहिलो र दोश्रो विल वाट निर्माण व्यवसायि हिमजुङ्ग ब्रदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई कुल रु११६४२०७५ को भुक्तानीमा ५० प्रतिशतले हुने रु५८२१०३७.५० पालिकाले व्यहोर्नुपर्नेमा जम्मा रु ५५६९३४९ मात्र लागत सहभागिता रहेकोले कम लागत सहभागिता देखिएको रु२५१६८८.५० को पालिकावाट सोहि कार्यमा खर्च भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा नपुग लागत सहभागिता जनाई सो रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५१,६८८.५ |

## ५३ **अनुदान फिर्ता**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१७ को निर्णयबाट रु. २६,७८३,०१९.५१ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ५४ अनुगमन प्रतिवेदन

विशेष अनुदान सम्वन्धी कार्यविधि २०७५ को बुँदा न ११ मा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुनेगरि सँञ्चालन भए नभएको सम्वन्धमा स्थानिय तहले अनुगमन गर्नुपर्ने र सोको अनुगमन प्रतिवेदन चौमासिक रुपमा प्रगति प्रतिवेदन मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसै गरि समपुरक अनुदानबाट सञ्चालित योजनाहरुको अनुगमन समितीले प्रतिवेदन तयार गरी समन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस्तो प्रतिवेदन तयार पारी सम्वन्धित कहाँ पेश गरेको देखिएन।

## ५५ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

## ५६ आन्तरिक आय तर्फ

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २४ र २५ मा राजश्व तथा नगद जिन्सी दाखिला सम्बन्धमा सरकारी राजश्व तथा नगद प्राप्त भएकै दिन दाखिला गर्नुपर्ने र सो नगरेमा १० दिन सम्म दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने व्यवस्था रहेको छ । त्यस्तै सोही दफामा जिम्मेवार व्यक्तिले समयमै रकम दाखिला गर्न नसकेमा त्यसको मनासिव कारण खुलाइ एक तह माथिको अधिकारीले एकै पटक वा पटक पटक गरी वढीमा तीस दिन सम्म समय थप्न सक्ने व्यवस्था रहेको छ । पालिकाभित्रका वडाहरुमध्ये नमुना छनौट गरी राजस्व असुली परीक्षण गर्दा वडा नं १ र २ का वडा सचिव राजकुमार ओझाले आ व २०७९/०८० मा वडा नं १ को कुल राजश्व रु २०५८१२।२५ संकलन गरेकोमा सम्पुर्ण रकम राजस्व खातामा जम्मा गर्नु पर्नेमा निजले विभिन्न मितिमा रु ५४३७३ जम्मा गरेको र रु १५१४३९।२५ लेखापरीक्षण अवधि २०८०।५।१२ सम्म पनि दाखिला गरेको पाईएन । यसरी ऐनमा भएको व्यवस्था विपरित सरकारी राजस्व समयमै दाखिला नगरेकोले दाखिला गर्नुपर्ने राजश्व रकम रु१५१४३९।२५ र सोको १० प्रतिशत जरिवाना समेत असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६६,५८३ |

## ५७ भ्रमण भत्ता

(गो भौ नं ३०३।३।२३) भ्रमण खर्च नियमावली २०६४ को नियम ७(४) मा सरकारी काजमा खटिएको पदाधिकारी वा कर्मचारीले काजवाट कार्यालय फर्केपछी अनुसुचि २ बमोजिमको दैनिक भ्रमण भत्ता पाउने उल्लेख छ । पालिकामा निम्नानुसारका कर्मचारीले कार्यालयमा हाजिर रहेको वेला विभिन्न स्थानमा काजमा गएको उल्लेख गरी भ्रमण खर्च भुक्तानी भएको पाईयो । यसवाट कार्यालयमा हाजिर रहेको अवस्थामा दैनिक भ्रमण भत्ता भुक्तानी भएको असुल गर्नुपर्ने रु

| कर्मचारीको नाम | भ्रमण अवधि | भ्रमण स्थान | हाजिर अवधि | भुक्तानी रकम |
|---|---|---|---|---|
| रामजि भट्ट | २०८०।२।९-१५ | नुवाकोटका विभिन्न स्थान | सार्वजनिक खरिद अनुगमन कार्यालय | १०४०० |
| जम्मा | | | | १०४०० |

***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रु. ८,५०० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,४०० |

## ५८ प्रदेश पूँजीगत

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई यथार्थ नाँपजाँच हुंदा कायम भएको परिमाणको आधारमा मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । नियमको उक्त व्यवस्था अनुसार यस पालिकाले विभिन्न योजनाहरुको उपभोक्ता समितिलाई भुक्तानी दिंदा सडकको वास्तविक काममा नापिको आधारमा भुक्तानी गर्नुपर्नेमा सो वमोजिम नगरि पालिकाले वरडाडा डिगाउ सडक निर्माण गर्न रु ५० लाखको वजेट विनियोजन भई पालिकावाट रु ४८ लाख खर्च व्यहोर्ने गरि सम्झौता भएकोमा आइटम न ६, ७, ९ पि. सि. सि कार्यको लागि नर्म्स अनुसार कुल ८५० वोरा सिमेन्ट प्रयोग हुनुपर्नेमा सुलक्षण जनरल सप्लार्यस विदुर ९ बाट २ वटा विलबाट ६५० बोरा सिमेन्ट खरिद गरि निज उपभोक्ता समितिलाइ ८५० बोरा सिमेन्टको भुक्तानी भएकोले सिमेन्ट विल अनुसार ६१०.६२ रुपैयाका दरले २०० बोरा सिमेन्टको बढी भुक्तानी भएको पाईयो । यसरी बढी खपत देखाएको २०० बोराको रु ६१०।६२

का दरमा वास्तविक कामभन्दा बढी रु १२२१२४ भुक्तानी भएको रकमको मुल्य अभिवृद्धि कर समेत भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,०५० |

५९ **कार्यक्रम सम्पादनमा आधारित कार्यक्रम अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को कम्पोनेन्ट नं (क्रियाकलाप नं) २.७.१३.१३ मा केन्द्रबाट छनोट भएका नमुना विद्यालय विशेष विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित भई कार्यक्रम अनुदान दिनुपर्ने उल्लेख छ । तर पालिकाले ऐसेलु भुमे माध्यमिक विद्यालयलाई विद्यालयमा फुटसल निर्माण गरेको जनाई भुक्तानी गरेको पाईयो । विद्यालयलाई जुन उद्देश्यले अनुदान निकासा दिएको हो सोही उद्देश्यमा खर्च गर्नुपर्नेमा उक्त निर्देशिका विपरित खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २३,७६,१५१ |

६० **कार्यक्रम कार्यान्वयन**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को कम्पोनेन्ट नं (क्रियाकलाप नं) ११.१.२.४४५ केन्द्रबाट छनोट भएका नमुना विद्यालय विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती भएका प्राविधिक धार सञ्चालित विद्यालयको ल्याव व्यवस्थापन अनुदान को उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया को ८.१ मा भौतिक सुधार सम्वन्धि कार्य गर्दा वातावरणिय र सामाजिक पक्षलाई आधार मानी कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यान्वयन पुस्तिका विपरित पालिकाले ऐसेलु भुमे माध्यामिक विद्यालयलाई वातावरणीय र सामाजिक पक्षहरुलाई ध्यान दिई ल्याव व्यस्थापन गर्नुपर्नेमा सो कार्य नगरी अडिटोरियम हल निर्माण गरेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५०,००,००० |

६१ **भ्रमण भत्ता**

(गो भौ नं २३।६।१२) भ्रमण खर्च नियमावली २०६४ को नियम ७(४) मा सरकारी काजमा खटिएको पदाधिकारी वा कर्मचारीले काजवाट कार्यालय फर्केपछी अनुसुचि २ बमोजिमको दैनिक भ्रमण भत्ता पाउने उल्लेख छ । पालिकामा निम्नानुसारका कर्मचारीले कार्यालयमा हाजिर रहेको वेला विभिन्न स्थानमा काजमा गएको

उल्लेख गरी भ्रमण खर्च भुक्तानी भएको पाईयो । पालिकाका कर्मचारी अनुज तामाङ्गले श्रावण महिनामा २६ दिनको पालिकामै बसेर काम गरेको डोर हाजिर जनाई दैनिक रु ७३५ का दरमा जम्मा रु १९११० भुक्तानी लिएकोमा सोहि अवधि २०७९।४।१५ देखि १९ सम्म जिल्ला सदरमुकाम विदुर, नुवाकोटमा भ्रमण गरेको जनाई रु५४०० दैनिक भ्रमण भत्ता भुक्तानी गरेको पाईएकोले यसरी कार्यालयमा हाजिर भएको वखत दैनिक भ्रमण भत्ता खर्च लेखेकोले उक्त रकम सम्वन्धितवाट असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,४०० |

## ६२ भुक्तानी बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी निम्नानुसारको भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| गो भौ नं | योजना तथा उपभोक्ता समिति | भुक्तानी |
|---|---|---|
| ३।५।२४ | नाम्चाकुना गोङ्गगा सडक उपभोक्ता समिति | १४६७७८२ |
| १४२।१।१५ | भुमेस्थान किस्पाङ्ग नुचेत वडा नं १ जोड्ने सडक मर्मत उपभोक्ता समिति | २००००० |
| | जम्मा | १६६७७८२ |

| | |
|---|---|
| अनियमित भएको | १६,६७,७८२ |

## ६३ परामर्श तथा डि पि आर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| योजनाको नाम | परामर्शदाता | भुक्तानी रकम |
|---|---|---|

| | | |
|---|---|---|
| Preparation DPR of Kispang Manegaun Water Supply Project, Kispang Rural Municipality | Prabidhi Engineering Solution Pvt.Ltd | ३५५९५० |
| Preparation of DPR of Dangchime Khanepani Yojana, Kispang Rural Municipality | Shanta Consultant Pvt.Ltd | ३९५००० |
| Preparation of DPR of 5-Bed Hospital and Geo-Technical Investigation works, Kispang-3 kahule | Prabidhi Nepal Engineering Consultancy | १४८५९५० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाकै प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७०(१) मा सार्वजनिक निकायले बीस लाख रुपैया भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० वमोजिमको सुचना प्रकाशन गरी आशयपत्र माग गर्नुपर्ने उल्लेख छ । तर पालिकाले उल्लेखित ३ योजनाको डि पि आर तयारीको लागी कोटेशन आव्हान् गरी जम्मा रु २२३६९०० को परामर्श सेवा सोझै खरिद गरेकोको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २२,३६,९०० |

## ६४ बिल भरपाइ

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली 2077 को नियम 39 (5) मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई , प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नु पर्ने ब्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२३ को उपनियम १(ख) मा प्राविधिक नापजाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य चौकी निर्माण कार्यका उपभोक्ता समिति गठन भई सो कामका लागि १० लाख बजेट व्यवस्था भई कार्यालयवाट रु ९६००००।०० भुक्तानी भएकोमा कार्यसम्पन्न प्रतिवेदनाको आइटम न ३ मा

पि सि सि कार्यको लागि चाहिने गिटी को विल नै नराखी जिल्ला दररेट अनुसार प्रतिघनमिटर २०००।०० का दरले ३ घनमीटरको भुक्तानी भएकोले वील वेगर खर्च लेखेको रु ६००० असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

## ६५ पूर्वनिर्धारित क्षतिपूर्ति

सार्वजनिक खरीद नियमावली २०६४ को १२१ (क) मा आपुर्तिकर्ता परामर्शदाता वा सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरीद सम्झौता वमोजिम काम सो सम्झौतामा तोकिएको समयमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पुर्व निर्धारित क्षतिपुर्ति दिनु पर्ने व्यवस्था छ । पालिकाले लेब्रागाङ सात दोवाटो सडक निर्माण कार्यका लागि लागत अनुमान १८३३६८१६.०६ कन्टीजेन्सी रकम वाहेक सन्तोषी निर्माण सेवाले लागत अनुमानको ४६.७९ प्रतिशत अर्थात रु मु. अ. कर सहित रु ९८०४०३८।९० पेश गरेकोमा मिति २०७९।९।४ सम्झौता भएकोमा विडिङ्ग डकुमेन्टको एस. सि. सि. कार्य सम्पन्न गर्नुपर्ने मिति ४ जुन २०२३ अर्थात २०८०/२/२१ लेखिएको र सम्झौतामा कार्य सम्पन्न गर्नुपर्ने मिति २०८०।३।४ लेखिएकोले विडिङ्ग डकुमेन्टमा जे कुरा लेखिएको छ सोही अनुसारको सम्झौता गर्नुपर्नेमा सो नगरी विडिङ्ग डकुमेन्ट भन्दा १४ दिन वढी समय दिइ सम्झौता गरेको देखिन्छ ।विडिङ्ग डकुमेन्ट भन्दा वढी समय दिइ सम्झौता गरेकोले उक्त नियम अनुसार १४ दिनको पुर्वनिर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने ६०७३२।००

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,७३२ |

## ६६ ढुंगा गिट्टी बालुवाको आम्दानी

मुल्य अभिवृद्धि कर ऐन २०५२ अनुसार दहत्तर वहत्तरको वापत १३ प्रतिशत मुल्य अभिवृद्धि कर लाग्ने उल्लेख छ । त्यस्तै सोहि ऐनको ऐनको दफा १९ अनुसार जरिवाना र दफा २६ मा व्याज समेत लगाई मुल्य अभिवृद्धि कर असुल गरिने व्यवस्था छ । पालिकाको आर्थिक वर्ष २०७९।८० को लागि विस्तृत वातावरणीय प्रतिवेदनमा उल्लेख भए अनुसार यस पालिकाको कार्यक्षेत्र भित्र त्रिशुली, सलाखु र फलाखु खोला समेतको ढुंगा, गिटी र बालुवा निकाल्नका लागि यस वर्ष मिति २०७९।३।१० मा सुचना प्रकाशन गरेको र सबै भन्दा बढी श्रृष्टि कन्ट्रक्सन विदुर ९ ले मुल्य अभिवृद्धि कर सहित रु ११९८९३००।०० कबोल गरेको पाईयो । निजले पालिकालाई बुझाउनुपर्ने रु ९५४९००० मिति २०७९।५।२ मा वुझाएकोमा सम्झौताअनुसारको बाँकि रकम रु २४४०३०० मिति २०७९ पौष मसान्तमा दाखिला गर्नुपर्नेमा लेखा परीक्षण अवधि २०८०।५।१५ सम्म पनि दाखिला गरेको पाईएन । तोकिएको समयमा मुल्य अभिवृद्धि कर दाखिला नगरेकोले ऐनमा व्यवस्था भए अनुसार निजले वुझाउन पर्ने २४४०३०० को जरिवाना तथा व्याज समेत असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,४०,३०० |

६७ **कर बिजक**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१७ को निर्णयबाट रु. ५०५,०४१ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६८ **बढी परिमाणमा खरिद**

(गो भौ नं १२।५।२४) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तवरवाट खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले दिपा अफसेट प्रेसलाई २०७९ सालको ४००० थान भित्तेपात्रो रु ५५ का दरमा खरिद गरेवापत मुल्य अभिवृद्धि कर समेत रु २४८६०० भुक्तानी गरेको छ । यस प्रकारको सामान्य खरिद वा कम आवश्यक सामान खरिद गरि आगामि वर्ष भुक्तानी गर्नुपर्ने जनाई बजेटमा समावेश गरेको र ४००० थान वितरण गरेको भरपाई पेश नभएकोले यति धेरै परिमाणमा खरिद गर्नाको कारण स्पष्ट गर्दै वितरण गरेको भरपाई संलग्न गरि नियमित गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,४८,६०० |

६९ **राजस्व संकलकको पारिश्रमिक**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवाली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्नुअघि त्यस्तो रकम खर्च गर्न आवश्यक विल भरपाई तथा कागजात प्रमाण अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले राजस्व संकलन गर्ने कामको लागी विश्व तामाङ्ग र सञ्जिव लामालाई रु१३५५६६ का दरमा कर कट्टि पश्चात् जम्मा रु २७११३२ भुक्तानी गरेको छ । राजस्व संकलन गर्ने कामको लागी कार्यादेश, नियुक्ति तथा स्पष्ट कार्यविवरण समेत पेश भएको छैन । करार वा ज्यालादारी समेत उल्लेख नगरी एकमुष्ठ भुक्तानि भएको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,७१,१३२ |

७० **प्रोग्राम अपडेट**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को नियम ६ ख मा निर्माण व्यवसायीले खरिद सम्झौताको शर्त वमोजिम कार्यसम्पन्न नगरेमा भुक्तानी नदिने उल्लेख छ । पालिकाको भवन निर्माणका लागी सुर्यचन्द्र कन्स्ट्क्सनसङ्ग मिति २०७७।११।९ मा रु ४५६०५५०२।२० मा सम्झौता भएकोमा सम्झौताको SCC को GCC34.3 मा प्रोग्राम अपडेटको अवधि ६० दिनको रहने र सो अवधिमा प्रोग्राम अपडेट पेश नभएमा रु १००००० असुल गर्ने उल्लेख छ । तर पालिकामा भवन निर्माणको आवधिक प्रोग्राम अपडेट पेश नगरेकोले ठेक्का सम्झौता अनुसार असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

## ७१ दोहोरो बिजक नं जारी गरेको

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि कर मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्र अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले विजकको क्रम संख्या १ वाट सुरु हुनुपर्ने र कर विजकमा हातले नम्वर राख्न नहुने र केरमेट गर्न नहुने लगायत उल्लेख छ । पालिकाले निम्नानुसारको ऐसेलु घन्पोला सडक स्तरोन्नतिको लागि आशिका निर्माण सेवा थाक्ले जे भिको दुई फरक विजकको एउटै विजक नं जारी भएको देखिएकोले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिवृद्धी कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने देखिएको रु

| गो भौ नं | रनिङ्ग विल | विजक नं र मिति | विल रकम | मु अ कर रकम |
|---|---|---|---|---|
| ५४।११।१५ | प्रथम रनिङ् विल | ००१- २०७९।११।१५ | ४०३३४६७।९० | ४६४०२७।२८ |
| २०१।२।९ | दोश्रो रनिङ् विल | ००१- २०८०।२।९ | ५९७४५६८ | ६८७३३९।६८ |
| | | | जम्मा | ११५१३६६।९६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,५१,३६७ |

## ७२ विल भरपाई (१९-२०७९-१२-२७):

✍ .......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१७ को निर्णयबाट रु. ८७,७१३ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७३ **कर विजक सच्याएको तथा प्रमाणित नभएको** (२०-२०७९-६-२):

✍ .......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१७ को निर्णयबाट रु. ६३,३४९ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७४ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

७५ **बढी भुक्तानी**

गो भौ नं २७५।३।६ सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(४) मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको वास्तविक कर्य सम्पादनको आधारमा मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । पालिकाले किस्पाङ्ग ज्योति युवा क्लव भवन निर्माण बैरामड उपभोक्ता समितिलाई भवन निर्माण वापत रु ९५३००० भुक्तानी गरेकोमा आईटम नं ४ र आईटम नं ५ को झ्याल र ढोकाको भाग घटाई भुक्तानी दिनुपर्नेमा झ्याल र ढोकाको केहि भाग मात्र घटाएको छ । यसरी नभएको कामको रु ७२२६ भुक्तानी भएको अर्थात् बढी परिमाण मापन गरेको कामको भुक्तानी असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२२६ |

**(विस्तृत विवरण बेरूजु दफा ७५ सँग सम्बन्धित अनुसूची ४ मा संलग्न छ ।)**

७६ **बिल भरपाइ**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९, ५६ र ५७ मा विल भरपाईको आधारमा लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । प्रोभिजनल सम आईटमको शोधभर्ना प्रकृतिको खर्चमा सक्कल छुट्टै विल संलग्न गर्नुपर्नेमा सो विल संलग्न नभएकोले सक्कल मुल्य अभिवृद्धि कर विजक पेश गर्नुपर्ने अन्यथा सम्वन्धितवाट असुल गर्नुपर्ने रु

| गो भौ नं | योजना | फर्म | जम्मा भुक्तानी | विजक पेश नभएको आईटम | रकम |
|---|---|---|---|---|---|
| १७।३।२१ | नुचेत खोप केन्द्र निर्माण | जयज्योति निर्माण सेवा | ५८००११० | आईटम नं २ ल्याव टेष्ट | १९५०० |
| १६।३।२१ | ताजि खोप केन्द्र निर्माण | किस्पाङ्ग निर्माण सेवा | ५२२२७०५ | आईटम नं २ ल्याव टेष्ट | १४५०० |
| | | | | जम्मा | ३४००० |

| प्रमाण पेश नगरेको | ३४,००० |
|---|---|

७७ **बढी भुक्तानी**

(गो भौ नं ६३।१२।९) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई यथार्थ नाँपजाँच हुंदा कायम भएको परिमाणको आधारमा मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । नियमको उक्त व्यवस्था अनुसार यस पालिकाले विभिन्न योजनाहरुको उपभोक्ता समितिलाई भुक्तानी दिंदा सडकको वास्तविक काममा नापिको आधारमा भुक्तानी गर्नुपर्नेमा सो वमोजिम नगरी उगर्युङ् किर्नेवगर सडक मर्मत किस्पाङ्ग ३ उपभोक्ता समितिलाई सम्झौता अनुरुपको रु ४८०००० भुक्तानी गरेकोमा आईटम नं ४ को पि सि सि १:२:४ को काममा सडक विभागको नर्मस् अनुसारको लागत अनुमान अनुसार ३.१३ घनमिटर को प्रति घनमिटर ९६ के.जि. र आईटम नं ५ को १:६ मोर्टार को काममा प्रति घनमिटर २७५.३३ के जि मात्र सिमेन्ट खपत हुने देखिन्छ । योजनाको नापि तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार आईटम नं ४ को ३.१३ घनमिटरको लागी १७ वोरा र आईटम नं ५ को ५४.०३ घनमिटरको लागि १०३ वोरा समेत कुल जम्मा १२० वोरा सिमेन्ट खपत हुने देखिन्छ । तर उपभोक्ता

समितिवाट तामाङ्ग सप्लायर्स प्रा लि नुवाकोटवाट ३०० बोराको मुल्य अभिवृद्धि कर समेत जम्मा ७०० प्रतिवोरा का दरमा खरिद भएको विल पेश भएको छ । यसरी बढी खपत देखाएको १८० बोराको रु७०० का दरमा वास्तविक कामभन्दा रु १२६००० बढी भुक्तानी भएको छ ।यसरी बढी खपत देखाएको १८० बोराको रु ७०० का दरमा वास्तविक कामभन्दा बढी रु १२६००० भुक्तानी भएको रकमको मुल्य अभिवृद्धि कर समेत भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,४९५ |

७८ **बैठक भत्ता** (१६-२०८०-२-४):

बागमती प्रदेशको सार्वजनिक खर्च मापदण्ड २०७८ को बुँदा ३ मा कार्यालय समयमा कार्यालयका कर्मचारीमात्र वसेर वैठक भत्ता लिन नपाइने व्यवस्था छ । पालिकाले मिति २०८०/२/१ मा कार्यालय समयमा बैठक बसि देहायका कर्मचारीलाई भुक्तानी भएको निम्नानुसारको रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु

| नाम | वैठक संख्या | प्रति वैठक भत्ता | कर कट्टी पछिको रकम |
|---|---|---|---|
| चक्र साउद | १ | १००० | ८५० |
| महाप्रसाद दंगाल | १ | १००० | ८५० |
| नारायण प्रसाद खतिवडा | १ | १००० | ८५० |
| जम्मा | | | २२५० |

***(प्रारम्भिक प्रतिवेदन उपर असुल भइ प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१७ को निर्णयबाट गायत्री रिमाल र सुमन देवकोटाको रु. १,७०० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५५० |

७९ **आयोगको परामर्श**

प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी

कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । आयोगको परामर्श बेगर स्थानीय तहले २ कर्मचारीको स्तरवृद्धि गरी उक्त कमर्चारीलाई यो वर्ष ६८३६। थप रकम भुक्तानी भएको छ । आयोगको परामर्श बेगर स्तरवृद्धि गरी खर्च लेखेको रकम असुल हुनुपर्ने र

| नाम | पाँचौ तहको तलव स्केल | छैठौ तहको तलव स्केल | बढी रकम | वढी भुक्तानी भएको महिना | जम्मा वढी रकम |
|---|---|---|---|---|---|
| राम प्रसाद नेपाल | ४३९९४ | ४५१४५ | ११५१ | ३ | ३४५३ |
| हरि प्रसाद प्याकुरेल | ४३९९४ | ४५१४५ | ११५१ | ३ | ३४५३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,९०६ |

८० **अनुगमन तथा सञ्चार समन्वय भत्ता** (१९-२०८०-२-२९):

सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने मापदण्ड २०७७ अनुसार खर्चमा मितव्ययीता अपनाई खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको प्रशासनिक भवनको सभाहलमा अपाङ्गता भएका व्यक्तिहरुलाइ विभिन्न सामान वितरण भएको कार्यक्रमको अनुगमन तथा प्रशिक्षण बापत देहायका व्यक्तिहरुले भत्ता बुझेको रकम सभाहलमा नै सम्पन्न गरेको कार्यक्रममा अनुगमन तथा संचार समन्वय भत्ता बुझ्न बुझेकोले उक्त रकम असुल गर्नुपर्ने रु

| नाम | कार्यक्रम संख्या | भत्ता दर | जम्मा रकम | कर कट्टी पछीको रकम |
|---|---|---|---|---|
| महाप्रसाद दंगाल | १ | २००० | २००० | १७०० |
| प्रेम माया तामाङ | १ | १००० | १००० | ८५० |
| जम्मा | | | | २२५० |

*(प्रारम्भिक प्रतिवेदन उपर असुल भइ प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१७ को निर्णयबाट अर्जुन प्रसाद न्यौपाने सुमन देवकोटा पशुपति घले बद्री प्रसाद देवकोटा सुरेन्द्र वहादुर तामाङ विनोद तामाङ प्रकाश तामाङ सन्दिप घले मोतिमाया तामाङको रु. ९,६५० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५५० |

८१ **पारिश्रमिक कर**

आयकर ऐन २०५८ को नियम ८७ र ८८ मा अग्रिम कर सम्वन्धि व्यवस्था छ । पालिकाका प्रमुख प्रशासकिय अधिकृत महाप्रसाद दंगालको वार्षिक पारिश्रमिक तथा आम्दानी विवरण र छुट पाउने सिमा भन्दा बढीको नपुग पारिश्रमिक कर असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४५७ |

८२ **अनुगमन भत्ता** (१८४-२०७९-७-२७):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्दा विल भरपाई साथ लेखा राख्नुपर्ने र रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले स्यानेटरी प्याड वितरण कार्यक्रममा निम्नानुसारका पदाधिकारी तथा कर्मचारीले अनुगमन मुल्यांकन बापत बुझेको रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु

| नाम | संख्या | दर | जम्मा रकम | कर कट्टि पछिको रकम |
|---|---|---|---|---|
| महाप्रसाद दंगाल | ७ | १००० | ७००० | ५९५० |
| चक्र साउद | ७ | १००० | ७००० | ५९५० |
| सिंह वहादुर तामाङ | ७ | ५०० | ३५०० | २८७५ |
| जम्मा | | | | १४,७७५ |

*(प्रारम्भिक प्रतिवेदन उपर असुल भइ प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१७ को निर्णयबाट अर्जुन प्रसाद न्यौपाने सुमन देवकोटा चन्द्र वहादुर तामाङ चक्र वहादुर शाही विरवल तामाङको रु. २९,७५० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,७७५ |

## ८३ गाउँपालिका अनुदान शिक्षक

संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलव भुक्तानी भइसकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी आ व २०७९।८० को नगरसभाबाट स्वीकृत गराइ पालिका अन्तर्गतका ८ वटा सामुदायिक विद्यालयहरुमा आधारभूत र माध्यामिक तहमा जम्मा ९ जना शिक्षकलाइ करार सम्झौता गराइ अनुदान शिक्षकका रुपमा पदस्थापन गरेको छ । यस आ व मा अनुदान शिक्षकको तलवमा कुल रु२८२७८००।- खर्च लेखेको छ । यसरी अनुदान शिक्षकहरु करारमा नियुक्ति गर्दा विद्यालयमा विद्यार्थी संख्या, शिक्षण सिकाइ आवश्यकता, विषय विज्ञ शिक्षक जस्ता विषयमा विश्लेषण गर्नुपर्नेमा सो नगरी खर्च लेखेको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २८,२७,८०० |

## ८४ विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ता

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को प्रथम संशोधन २०७५ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।तर, पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरुमा २५ जना भन्दा कम विद्यार्थी रहेका विद्यालयहरुमा पनि २ जना बाल विकास सहजकर्ता राखी संघ सशर्त अनुदानबाट रु१००००। का दरले १३ महिनाको तलब भुक्तानी हुनु अनियमित देखिएको रु

| क सं | विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक बाल शिक्षक | नियुक्त बाल शिक्षक | रकम रु |
|---|---|---|---|---|---|
| १ | श्री कार्की मनकामना आ वि | १८ | १ | २ | १३००००।- |
| २ | श्री पञ्चलिंगे मा वि | १० | १ | ३ | २६००००।- |
| ३ | श्री कालिका आ वि | २० | १ | २ | १३००००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | श्री चन्द्रज्योति आ वि | ९ | १ | २ | १३०००० ।- |
| ५ | श्री सिमाङचौर आ वि | १६ | १ | २ | १३०००० ।- |
| जम्मा रु | | | | | ७८०, ०००। - |

| | |
|---|---|
| अनियमित भएको | ७,८०,००० |

८५ **एम आइ एस अपरेटर र फिल्ड सहायकको तलब**

गृह मन्त्रालयको मिति २०७९।०४।१९ को च नं १४८ र पञ्जीकरण विभागको मिति २०७९।४।१३ को परिपत्र बमोजिम एम आइ एस अपरेटर र फिल्ड सहायकको तलब भुक्तानी गर्दा सम्बन्धित स्थानीय तहले ५० प्रतिशत रकम व्यहोर्नुपर्ने उल्लेख रहेको छ । तर पालिकाले यस आर्थिक वर्षमा तोकिएका कर्मचारीहरुको १२ महिनाको तलब संघीय सञ्चित कोषबाट रु ४९४,०००।— भुक्तानी दिएको छ । सो रकमको ५० प्रतिशत रु २४७,०००।- पालिकाले व्यहोरेको पाइएन । यसरी पालिकाले नव्यहोरेको ५० प्रतिशतले हुन आउने रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४७,००० |

८६ **लेखापरीक्षण प्रतिवेदन**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान को उपक्रियाकलाप ५.४ अन्तर्गत आधारभूत तथा माध्यामिक तह सञ्चालित विद्यालयहरुलाइ सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गर्नका लागि एकमूष्ट अनुदान निकासा गरिसकेपश्चात सम्बन्धित विद्यालयहरुले अन्तिम लेखापरीक्षण हुनुपूर्व सोको प्रतिवेदन स्थानीय तहमा पठाउनुपर्ने व्यवस्था रहेको छ ।तर, पालिकाले गो भौ नं ८७।०७९।९।२५ बाट २१ वटा विद्यालयलाइ विभिन्न क्रियाकलापका लागि अनुदान निकासा गरेकोमा देहायका विद्यालयले सामाजिक लेखापरीक्षण तथा आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको पाइएन । सम्बन्धित विद्यालयहरुले प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

| क सं | विद्यालयको नाम | रकम रु | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | ज्ञानज्योति मा वि | १५००० | लेखापरीक्षण नगराएको । |
| २ | कालिका आ वि | १०००० | प्रतिवेदन पेश नभएको । |
| ३ | ज्योति आ वि | १०००० | प्रतिवेदन पेश नभएको । |
| ४ | बुद्धशरण आ वि | १०००० | प्रतिवेदन पेश नभएको । |
| जम्मा रकम रु | | ४५००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००० |

## ८७ उद्यम लागत सहभागिता नरहेको

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ को दफा ४१ मा प्रविधि हस्तान्तरण गर्दा कार्यालयको ८०% सम्म र लाभग्राहीको २०% सम्म सहभागिता हुनुपर्ने व्यवस्था छ । लघु उद्यम विकास कार्यक्रम अन्तर्गत गो भौ नं ३७४।०८०।३।२१ बाट लघु उद्यमीहरुलाइ ट्र्याक्टर मर्मत कार्यक्रमका लागि ३ सेट टुल्स खरिद गरी मायादेवी मेशिनरी टुल्सलाइ रु २३००० भुक्तानी गरेकोमा १०० प्रतिशत लागत नै पालिकाले व्यहोरेको पाइयो । यसरी लागतको २०% सहभागिता रकम सम्बन्धित लघु उद्यमीबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,६०० |

## ८८ शीर्षक फरक पारी खर्च

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ (दोश्रो परिमार्जन) बमोजिम जुन शीर्षकमा बजेट विनियोजन भएको हो सोही शीर्षकमा मात्र खर्च गर्न मिल्ने व्यवस्था छ । पालिकाले देहायका मिति र भौचरबाट विनियोजन भएको शीर्षकभन्दा फरक शीर्षकमा खर्च गरेको छ । विनियोजन भएको शीर्षकभन्दा फरक शीर्षकमा गरिएको खर्च नियमसम्मत नदेखिएको रु

| गो भौ नं | खर्च हुनुपर्ने शीर्षक | खर्च भएको शीर्षक | रकम रु |
|---|---|---|---|
| १२३।०७९।१०।२४ | लघु उद्यम विकास कार्यक्रम | मोटरसाइकल मर्मत | ८५००।- |

| | |
|---|---|
| अनियमित भएको | ८,५०० |

## ८९ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १५ योजना सञ्चालन गरी यस वर्ष १०६ जनालाई रोजगारी उपलव्ध गराई रु.७१६५६०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ९० बढी दरमा बैठक भत्ता

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा स्थानीय तहमा कार्यरत पदाधिकारीहरुले प्रति बैठक रु १०००।— का दरले बैठक भत्ता प्राप्त गर्ने व्यवस्था रहेको छ । तर पालिकामा गो भौ नं १९७।०८०।१।१५ बाट विपन्न नागरिक उपचार कार्यक्रम अन्तर्गत विपन्न नागरिक छनौट गर्न बनेको समितिमा रहेका अध्यक्ष सहित कुल ८ सदस्यले रु १५००।— का दरले भत्ता बुझेको पाइयो । यसरी बढी भुक्तानी भएको बैठक भत्ता रकम सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु

| क सं | पदाधिकारी एंव सदस्यको नाम | बैठक संख्या | दर | बढी दर | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|
| १ | श्री महाप्रसाद दंगाल | ९ | १५०० | ५०० | ४५०० |
| २ | श्री चक्र साउद | १ | १५०० | ५०० | ५०० |
| जम्मा रु | | | | | ५,०००। - |

***(प्रारम्भिक प्रतिवेदन उपर असुल भइ प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१७ को निर्णयबाट बिरवल तामाङ, चक्र बहादुर शाही, गणेशलाल बि क, सुमन देवकोटा, चन्द्र बहादुर तामाङ, मिन बहादुर तामाङको रु. २३,००० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

## ९१ बैठक भत्ता

प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को दफा ३ मा बैठक भत्ता सम्वन्धमा कानूनद्वारा गठित समिति वा लेखा उत्तरदायी अधिकृतको निर्णय वा आदेश बमोजिमको समिति वा कार्यदललाइ मात्र बैठक भत्ता प्रदान गरिने उल्लेख छ । पालिकाले निम्नानुसारको भुक्तानीमा व्यवस्था भएभन्दा वढी भत्ता भुक्तानी गरको हुदा वढी रकम असुल गर्नुपर्ने रु

***(प्रारम्भिक प्रतिवेदन उपर असुल भइ प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१७ को निर्णयबाट सविना अर्याल, मोतिमाया तामाङ, सत्यराज जोशी, चन्द्र वहादुर तामाङ, मधु न्यौपाने, अटल प्रकाश पुरी, सुमन देवकोटाको रु. ७०,५५० सम्परीक्षण गरिएको ।)***

**(विस्तृत विवरण बेरूजु दफा ९१ सँग सम्बन्धित अनुसूची ५ मा संलग्न छ ।)**

## ९२ बिल भरपाई (१६२-२०७९-७-२०):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी नियमावली २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा विल भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले राजकुमार ओझालाइ वडा खर्च वापतको भुक्तानीमा विल भरपाइभन्दा रु७२७८ बढी भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२७८ |

## ९३ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ।सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसुची ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानिय तह र प्रत्येक वडामा राख्नुपर्ने व्यवस्था छ । पालिका र वडाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको नदेखिदा अनिवार्य रुपमा लाभग्राहीको फोटो सहितको अभिलेख राख्नु पर्ने देखिन्छ ।

सोही कार्यविधिको दफा ११ मा लगत कट्टा गर्ने व्यवस्था भएता पनि प्रभावकारी रुपमा समयमै लगत कट्टा भएको नदेखिदा समयमै लगत कट्टा गर्नुपर्ने देखिन्छ । त्यस्तै दफा २३ र २६ मा बैंकले लाभग्राहीको बैंकको निश्क्रिय खाताको जानकारी प्रत्येक श्रावण महिना भित्र विभाग र स्थानिय तहलाइ दिनुपर्ने, साथै रकम नझिकेका लाभग्राहीको विवरण अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी स्थानिय तहले आवश्यक छानविन गरी कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नपाइएमा रकम फिर्ता गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको मा अनुसुची ११ बमोजिमको विवरण प्राप्त नहुँदा निश्क्रिय खाताको रकम एकिन गर्न तथा वढी भुक्तानीको गणना गर्न सकिएन ।

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकार बाट रु ८,०४,७४,००० बजेट प्राप्त भएकोमा रु ७,९०,५०,२०५ निकासा भएको पाईयो । बैंकले लाभग्राहीको खातामा दाखिला गरी वाँकि रहेको रकम रु २,०९,३२० संघीय संचित कोषमा फिर्ता गरेको देखियो । त्यस्तै पालिकावाट पेश भएको विवरण अनुसार आ व ०७९/८० को लेखापरीक्षण अवधिसम्म बाँकी रहेको रु २,९२,८०६ संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९२,८०६ |

## आर्थिक कारोबारको स्थिति                                   अनुसुची १

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान: किस्पाङ गाउँपालिका, नुवाकोट , किस्पाङ गाउँपालिका , नुवाकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Kedar Prasad Khatiwada | २०८०-५-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Suman Devkota | २०७९-१२-२४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,०३९,०७७ | १५,४१६,८६५ | २९,४६०,९८४.०१ | ० | ० | ६००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४८,५१६,९२६.०१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २७,५८१,९७२.५१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २०,९३४,९५३.५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३७५३९६१५.५२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २५१५०२७४३ | **चालु खर्च** | २१६०७३५७९.५६ |
| **प्रदेश सरकारबाट अनुदान** | ७९३५९९९८ | **पूँजीगत खर्च** | १८३७३२६६१.४४ |
| **राजश्व बाँडफाँट** | ७०४४५५४१.५४ | **वित्तीय/अन्य व्यवस्था** | ११४५२४२८२ |
| **आन्तरिक आय** | ४९१४९०२.० | | |
| **अन्य आय** | ८५९०९५८५.९४ | | |
| **कुल आय** | ४९२१३२७७०.४८ | **कुल खर्च** | ५१४३३०५२३ |
| **बाँकी मौज्दात** | | १५३४१८६३ | |

**बेरूजु दफा १.१ सँग सम्बन्धित विवरण - अनुसूची -३**

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट
वित्तीय प्रतिवेदन
आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत | जम्मा |
| प्राप्ती (क+ख) | | ४३,०२,८०,००० | ४१,०२,४५,०८४.५४ | | ४१,०२,४५,०८४.५४ | ३९,०५,२७,२०४.११ | | ३९,०५,२७,२०४.११ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४३,०२,८०,००० | ४०,६२,२३,१८८.५४ | ० | ४०,६२,२३,१८८.५४ | ३८,७१,५४,५३२.११ | ० | ३८,७१,५४,५३२.११ |
| कर | ११ | ७,९३,६६,२७१.०८ | ६,२३,७३,७७६.६२ | ० | ६,२३,७३,७७६.६२ | ६,२८,९९,७७५.११ | ० | ६,२८,९९,७७५.११ |
| अनुदान | | ३३,७१,५७,००० | ३३,०८,६२,७४३ | ० | ३३,०८,६२,७४३ | ३०,७६,०५,६६७ | ० | ३०,७६,०५,६६७ |
| संघीय सरकार | १२ | २५,७७,९७,००० | २५,१५,०२,७४३ | ० | २५,१५,०२,७४३ | २५,५४,०२,६६७ | ० | २५,५४,०२,६६७ |
| प्रदेश सरकार | १२ | ७,९३,६०,००० | ७,९३,६०,००० | ० | ७,९३,६०,००० | ५,२२,०३,००० | ० | ५,२२,०३,००० |
| अन्य राजस्व | | १,३७,५६,७२८.९२ | १,२९,८६,६६८.९२ | ० | १,२९,८६,६६८.९२ | १,६६,४९,०९० | ० | १,६६,४९,०९० |
| ख. अन्य प्राप्ति | | | ४०,२१,८९६ | | ४०,२१,८९६ | ३३,७२,६७२ | | ३३,७२,६७२ |
| वितरण बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ० | ० | ० | ० | ० | ० | ० |
| धरौटी | | ० | ४०,२१,८९६ | ० | ४०,२१,८९६ | ३३,७२,६७२ | ० | ३३,७२,६७२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५१,१३,७८,००० | ४०,५०,७६,०३५.९० | | ४०,५०,७६,०३५.९० | ३४,५३,१९,०१०.६४ | | ३४,५३,१९,०१०.६४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५१,१३,७८,००० | ३९,९८,०६,२३९.९० | | ३९,९८,०६,२३९.९० | ३४,२७,७३,२४७.६४ | | ३४,२७,७३,२४७.६४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पारिश्रमिक / सुविधा | १८ | १५,४२,४५,००० | १३,९३,७३,१३६.५६ | ० | १३,९३,७३,१३६.५६ | १२,३१,८०,४२४.७८ | ० | १२,३१,८०,४२४.७८ |
| मालसामान तथा सेवाको उपयोग | १८ | १०,३०,५०,००० | ७,०२,५५,२९५ | ० | ७,०२,५५,२९५ | ५,३४,३९,१९९.८६ | ० | ५,३४,३९,१९९.८६ |
| सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | १०,९१,९५० | ० | १०,९१,९५० |
| अनुदान | १८ | ० | ० | ० | ० | ४४,४६,६८० | ० | ४४,४६,६८० |
| सामाजिक सुरक्षा | १८ | ८२,२१,००० | २९,७४,५७५ | ० | २९,७४,५७५ | ३६,७७,१०० | ० | ३६,७७,१०० |
| अन्य खर्च | १८ | ४१,००,००० | ३४,७०,५७३ | ० | ३४,७०,५७३ | २६,२८,९४६ | ० | २६,२८,९४६ |
| गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २४,१७,६२,००० | १८,३७,३२,६६०.३४ | ० | १८,३७,३२,६६०.३४ | १५,४३,०८,९४७ | ० | १५,४३,०८,९४७ |
| घ. अन्य भूक्तानी | | | ५२,६९,७९६ | | ५२,६९,७९६ | ३४,५३,१९,०१०.६४ | | ३४,५३,१९,०१०.६४ |
| कोषहरु | | ० | ० | ० | ० | ० | ० | ० |
| धरौटी | | ० | ५२,६९,७९६ | ० | ५२,६९,७९६ | २५,४५,७६३ | ० | २५,४५,७६३ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (८,१०,९८,०००) | ५१,६९,०४८.६४ | | ५१,६९,०४८.६४ | ४,५२,०८,१९३.४७ | | ४,५२,०८,१९३.४७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,७५,३९,६१५.५२ | | ३,७५,३९,६१५.५२ | ४,३०,३४,२१७.५२ | | ४,३०,३४,२१७.५२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (८,१०,९८,०००) | ४,२७,०८,६६४.१६ | | ४,२७,०८,६६४.१६ | ८,८२,४२,४१०.९९ | | ८,८२,४२,४१०.९९ |
| बैंक तथा नगद बाकी | २४ | | ४,२७,०८,६६४.१६ | | ४,२७,०८,६६४.१६ | ९,४५,४२,४१०.९९ | | ९,४५,४२,४१०.९९ |

बेरूजु दफा ७५ सँग सम्बन्धित विवरण - अनुसूची -४

| आईटम | प्रयोजन | घटाउनुपर्ने भाग | घटाएको भाग | कम घटाएको | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| आईटम नं ४ को 1:1.5:3 pcc for rcc | for sill and lintel bans | deduction of doors 2*2.13*0.91*0.10 अनुसारले हुने 0.40 घनमिटर | deduction of doors 1*2.13*0.91*0.10 अनुसारले हुने 0.20 घनमिटर | 0.2 | 17978.01 | 3596 |
| आईटम नं ९ को 12.5 mm plaster 1:4 cement sand mortar | Plaster work on wall<br>Long wall 79.77 and short wall 42.46 | deduction of doors 2*2.13*0.91 अनुसारले हुने 3.88 घनमिटर र deduction of windows 3*1.60*1 अनुसारले हुने 4.80 बर्ग मिटर | ० | 8.68 | 418.25 | 3630 |
| | | | Total | | | 7226 |

बेरूजु दफा ९१ सँग सम्बन्धित विवरण - अनुसूची -५

| गोश्वरा भौचर नं मिति | | महा प्रसाद दंगाल | उज्वल न्यौपाने | केदार प्याकुरेल | रामजी भट्ट | श्रीकृष्ण भट्ट | चक्र साउद |
|---|---|---|---|---|---|---|---|
| २६५- २०७९/९/५ | दर | १५०० | १५०० | १५०० | | | |
| | बढी भुक्तानी | ५०० | ५०० | ५०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बैठक संख्या | २० | ८ | ८ | | | |
| | जम्मा रकम | १०००० | ४००० | ४००० | | | |
| | वढी वुझेको | ८५०० | ३४०० | ३४०० | | | |
| ३०४- २०७९/९/२० | बैठक संख्या | ५ | | | २ | | |
| | जम्मा रकम | २५०० | | | १००० | | |
| | वढी वुझेको | २१२५ | | | ८५० | | |
| ३८०- २०७९/९/२० | बैठक संख्या | ७ | | | | ५ | ६ |
| | जम्मा रकम | ३५०० | | | | २५०० | ३००० |
| | वढी वुझेको | २९७५ | | | | २१२५ | २५५० |
| जम्मा | | १३६०० | ३४०० | ३४०० | ८५० | २१२५ | २५५० |